सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलीचौर, रोल्पा

प.सं.: २०७७/०७८
च.नं.: १३६९

लुम्बिनी प्रदेश,नेपाल
मितिः२०७७/१०/१५

---

सूचना ।   सूचना ।।   सूचना ।।।

## निशुल्क जग्गा प्राप्ती सम्बन्धी सूचना ।
(मिति २०७७/१०/१५ )

यस गाउँपालिका अन्तरगत वडा नं.३ मिझिङ र वडा नं.७ तेवाङ मा स्वास्थ्य चौकी भवन निर्माण गर्नको लागि स्थान अभावका कारण जग्गाको बन्दोबस्ती गर्नु पर्ने भएकोले वडा नं.३ मिझीङ को वडा कार्यालय भवन र वडा नं.७ तेवाङको वडा कार्यालय भवन रहेको स्थानबाट ५०० मिटर क्षेत्रभित्र कम्तीमा ३ (तीन) रोपनी जग्गा निःशुल्क उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्नानुसारका कागजात संलग्न राखी सुनिल स्मृति गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दर्ता गराउनु हुन सम्बन्धित जग्गा दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संलग्न हुनुपर्ने कागजातहरुः

१. वडा कार्यालयको सिफारिस पत्र
२. जग्गा दिन मन्जुरी पत्र
३. नागरिकताको प्रमाण पत्रको प्रतिलीपी
४. जग्गा धनी प्रमाण पत्रको प्रतिलीपी
५. संस्था भए समितिको निर्णय प्रतिलीपी
६. बाटोको निकास भएको तथा दिने मन्जुरी पत्र
७. जग्गामा कुनै विवाद नभएको हुनुपर्ने ।

केशवराज पोर्खे
प्रमुख प्रशासकीय अधिकृत